कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK
वर्षः २९, अंकः८९
बुधबार, १८ कात्तिक २०८३
(Wednesday, 4 Nov. 2026)
पृष्ठः ४, मूल्यः १०।-

समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ

kalpristhanews.com
राष्ट्रिय दैनिक
'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा



हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

स्वदेशी उत्पादन प्रवर्द्धन गर्न आजदेखी कोशेलीघर
नेपालगन्जमा 'तिहार उत्सव-२०८३' हुँदै

सुनिता श्रेष्ठ
नेपालगन्ज, १७ कात्तिक



स्वदेशी तथा अर्गानिक उत्पादनको प्रवर्द्धन गर्नुका साथै महिला उद्यमीले उत्पादन गरेका वस्तु तथा सामग्रीको बजारीकरण गर्ने उद्देश्यले बाँकेको नेपालगन्जमा आज देखि दुई दिन सम्म 'तिहार उत्सव-२०८३' सुरु हुँदैछ।

महिला उद्यमी संघ नेपाल बाँकेद्वारा सञ्चालित कोशेली घर नेपालगन्जको आयोजनामा कात्तिक १८ र १९ गते दुई दिनसम्म तिहार उत्सव सञ्चालन हुनेछ। नेपालगन्ज उपमहानगरपालिका-२ स्थित कोशेली घरको परिसरमा आयोजना हुने उत्सवमा बाँकेका महिला उद्यमीहरूले आफ्नै मिहिनत, सीप र सिर्जनशीलताबाट उत्पादन तथा निर्माण गरेका विभिन्न वस्तु तथा सामग्री बिक्री वितरणको लागि राखिने आयोजकले जनाएको छ। नेपाली उत्पादनको उपभोग बढाउने, स्थानीय उत्पादनलाई बजारसँग जोड्ने र महिला उद्यमीलाई आफ्नो उत्पादनको प्रचारप्रसार तथा बिक्री गर्ने अवसर प्रदान गर्ने उद्देश्यले उत्सव आयोजना गर्न लागिएको हो।

तिहार नेपालीहरूको महत्वपूर्ण सांस्कृतिक तथा धार्मिक पर्व हो। यस पर्वमा घर सजावट, पूजाआजा, भाइटीका, देउसीभैलो तथा विभिन्न परम्परागत गतिविधिका लागि आवश्यक सामग्रीको माग बढ्ने गर्दछ। यही अवसरलाई लक्षित गर्दै उपभोक्तालाई तिहारमा आवश्यक पर्ने सामग्री एकै स्थानमा उपलब्ध गराउने र स्थानीय महिला उद्यमीका उत्पादनलाई उपभोक्तासमक्ष पुऱ्याउने उद्देश्य आयोजकले राखेको छ।

उत्सवमा विशेषगरी तिहारमा प्रयोग हुने पूजाका सामग्री, विभिन्न परिकार तथा खानेकुरा, शृङ्गारका सामान, हस्तकलाका सामग्री, लत्ताकपडा, पुष्पमाला, घर सजावटका सामग्री, अर्गानिक खाद्यान्नलगायत स्थानीय स्तरमा उत्पादन गरिएका वस्तुहरू बिक्रीको लागि राखिनेछन्। यसले तिहारका लागि आवश्यक सामग्री खरिद गर्न चाहने उपभोक्तालाई सहजता प्रदान गर्नुका साथै स्थानीय उत्पादनको पहिचान र बजार विस्तारमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यसपटकको तिहार उत्सवमा करिब १५ वटा स्टल राख्ने तयारी गरिएको आयोजकले जनाएको छ। स्टल सञ्चालनको लागि सरकारी कार्यालय वा सरकारी निकायमा दर्ता भएका संस्था तथा फर्म र खाद्य तथा गुण नियन्त्रण कार्यालयबाट अनुमति पत्र प्राप्त गरेका व्यवसायीलाई सहभागी हुन आमन्त्रण गरिएको छ। यसबाट उत्सवमा बिक्रीको लागि राखिने खाद्यवस्तु तथा अन्य सामग्रीको गुणस्तर र व्यवसायिक विश्वसनीयतालाई समेत प्राथमिकता दिन खोजिएको आयोजकको भनाई छ।

> नेपालगन्ज उपमहानगरपालिका-२ स्थित कोशेली घरको परिसरमा आयोजना हुने उत्सवमा बाँकेका महिला उद्यमीहरूले आफ्नै मिहिनत, सीप र सिर्जनशीलताबाट उत्पादन तथा निर्माण गरेका विभिन्न वस्तु तथा सामग्री बिक्री वितरणको लागि राखिने आयोजकले जनाएको छ ।

नेपालगन्ज उप-महानगरपालिकाको सहयोगमा महिला उद्यमी संघ नेपाल बाँकेले सञ्चालन गर्दै आएको कोशेली घर नेपालगन्जले गत वर्षदेखि तिहारलाई लक्षित गरी महिला उद्यमीका घरायसी तथा स्थानीय उत्पादनको प्रवर्द्धन गर्न तिहार उत्सव आयोजना गर्दै आएको छ। गत वर्ष सुरु गरिएको यस प्रयासलाई निरन्तरता दिँदै यस वर्ष पनि तिहार उत्सव आयोजना गर्न लागिएको हो।

कोशेली घरले महिला उद्यमीका उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउने माध्यमका रूपमा काम गर्दै आएको छ। घरमै उत्पादन गरिएका खाद्य सामग्री, हस्तकलाका वस्तु, परम्परागत सामग्री तथा स्थानीय सीप र प्रविधिमा आधारित उत्पादनलाई बजार उपलब्ध गराउनु यसको प्रमुख उद्देश्य हो। तिहार उत्सवले यस्ता उत्पादनलाई एकै स्थानमा प्रदर्शनी तथा बिक्रीका लागि राख्ने अवसर प्रदान गर्नेछ।

बाँकी ३ पृष्ठमा

माधव कुमार नेपाल र मिनेन्द्र रिजालसहित ९७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

कालपृष्ठ समाचारदाता
काठमाडौं, १७ कात्तिक



पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का नेता माधवकुमार नेपाल र पूर्वमन्त्री तथा नेपाली कांग्रेसका नेता डा. मिनेन्द्र रिजालसहित ९७ जनाविरुद्ध भ्रष्टाचारसम्बन्धी मुद्दा विशेष अदालतमा पेस भएको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मोरङ जिल्लामा रहेको रिजाल एन्ड कम्पनीका नाममा ६० बिघा जग्गा छुट दिने प्रक्रियामा अनियमितता गरी भ्रष्टाचार गरेको आरोपमा उनीहरूविरुद्ध मुद्दा दायर गरेको हो। आयोगले प्रतिवादीहरूबाट कुल ७३ करोड ४९ लाख रूपैयाँ बिगो असुल गर्न मागदाबी गरेको छ।

यस प्रकरणमा तत्कालीन प्रधानमन्त्रीदेखि मन्त्री, मुख्यसचिव, सचिव, सहसचिव, उपसचिव तथा मालपोत कार्यालयका विभिन्न तहका कर्मचारीसमेतलाई प्रतिवादी बनाइएको छ।

अख्तियारले दायर गरेको अभियोगपत्रमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाललाई प्रमुख प्रतिवादीमध्ये एकका रूपमा उल्लेख गरिएको छ। त्यस्तै, तत्कालीन संसदीय व्यवस्था मन्त्री डा. मिनेन्द्र रिजाल र तत्कालीन भूमिसुधार मन्त्री डम्बर श्रेष्ठलाई पनि प्रतिवादी बनाइएको छ। यसैगरी तत्कालीन मुख्यसचिव स्वर्गीय माधव घिमिरेलाई समेत प्रतिवादी बनाइएको छ। उनको निधन भइसकेकाले उनकी छोरी कमला घिमिरेलाई पनि यस प्रकरणमा प्रतिवादी कायम गरिएको छ। सरकारको उच्च राजनीतिक तथा प्रशासनिक तहमा रहेका व्यक्तिहरूलाई नै प्रतिवादी बनाउँदै अख्तियारले मुद्दा अघि बढाएपछि यो प्रकरणले राजनीतिक र प्रशासनिक वृत्तमा समेत चर्चा पाउने देखिएको छ।

उच्च प्रशासनिक अधिकारीहरू पनि तानिए जग्गा छुट दिने प्रक्रियामा संलग्न रहेको आरोपमा अख्तियारले तत्कालीन सचिव छविराज पन्त र सहसचिव रमेशचन्द्र अधिकारीलाई पनि प्रतिवादी बनाएको छ। त्यस्तै तत्कालीन उपसचिवहरू गान्धीप्रसाद सुवेदी, हुपेन्द्रमणि केसी, नुरपति कँडेल, हरिराज पन्त, डा. अर्जुन खड्का, लक्ष्मण थापा र ध्रुव सापकोटाविरुद्ध पनि मुद्दा पेस गरिएको छ। यसैगरी तत्कालीन शाखा अधिकृत बलराम निरौलालाई समेत प्रतिवादी बनाइएको छ।

बाँकी ३ पृष्ठमा

दीपावली मनाउँदा ध्यान दिऔं

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- मैनबत्ती, दियो बालिसके पछि ननिभेसम्म निगरानी गरौं,
- यस्तो समयमा विद्युत सट भई आगो लाग्ने सम्भावना भएकोले सचेत बनौं,
- विद्युतीय प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं।



आगजनीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

अपाङ्गतामैत्री वातावरण



समावेशीले अपाङ्गता भएका व्यक्तिको व्यक्तिगत, पारिवारिक र सामाजिक जीवनमा दूरगामी सकारात्मक प्रभाव पार्छ। अपाङ्गतामैत्री वातावरण, शिक्षा, स्वास्थ्य र डिजिटल सूचनामा सहज पहुँचले उनीहरूलाई सक्षम, स्वतन्त्र र आत्मनिर्भर बनाई आत्मविश्वास र स्वावलम्बन बढाउँछ।



ऋषिराम देवकोटा

अपाङ्गता भएका व्यक्तिहरू (शारीरिक, दृष्टि, श्रवण, बौद्धिक, मनोसामाजिक, अटिजम तथा अन्य सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू) लाई जहाँ जस्तो अवस्थामा पनि आवश्यकता अनुसार सहयोगी, सहज, सुरक्षित, सम्मानजनक, समान रूपमा मित्रवत् हुनुलाई अपाङ्गतामैत्री भनिन्छ। यसको मूल अवधारणा व्यक्तिको कमजोरीभन्दा वातावरणले सिर्जना गर्ने अवरोध हटाई अपाङ्गताको विशेषता अनुसार मिल्न सक्ने हुनु हो। अपाङ्गतामैत्री वातावरण भन्नाले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिले अरू सामान्य व्यक्तिसरह समान सेवा, सुविधा र अवसरलाई आफ्नो अनुकूल वातावरणमा प्रयोग गर्न सक्ने गरी बनाइएको व्यवस्था हो, जुन सबैका लागि पहुँचयोग्य, सुरक्षित, सम्मानजनक, समावेशी हुनुका साथै अपाङ्गताको प्रकृति र गम्भीरता अनुसार थप सुविधाजनक वातावरणसँग सम्बन्धित हुन्छ। त्यसका लागि घर, विद्यालय, बाटोघाटो, सार्वजनिक स्थलमा बस्न वा पुन सहज हुने र शिक्षा, स्वास्थ्य, रोजगारी, सूचना, यातायात, सार्वजनिक सेवा तथा सामाजिक जीवनमा सहभागी हुन र त्यसबाट लाभान्वित हुन पहुँचयोग्य र समावेशीको मर्म अनुरूप व्यवस्थित भएको हुनु पर्छ। यहाँ यी दुई महत्वपूर्ण आधारयुक्त सर्तका बारेमा चर्चा गरिएको छ।

पहुँच योग्यताका क्षेत्र

अपाङ्गतामैत्री वातावरण निर्माण गर्न पहुँच योग्यता एक अनिवार्य विषय हो, जसले कसैलाई पनि विभेद नगरी समान अवसर सुनिश्चित गर्छ। पहुँच योग्यताको मुख्य उद्देश्य अवरोध हटाई समान अवसर, स्वतन्त्रता र सम्मानका साथ जीवनयापन गर्न सक्षम बनाउनु हो। अनुकूल भौतिक संरचनाको उपयोग गरी शिक्षा, स्वास्थ्य, सूचना, प्रविधि, सेवा र यातायात, भाषा, सामाजिक, राजनीतिक जस्ता क्षेत्रमा सहज, स्वतन्त्र र सुरक्षित रूपमा प्रयोग गर्न वा पुन सक्ने अवस्था पहुँच योग्यता हो। यसले शारीरिक, मानसिक, इन्द्रियजन्य विविधता भएका व्यक्तिलाई कुनै पनि बाधा वा अवरोधबिना ती कुरा प्रयोग गर्न सक्षम बनाउँछ। पहुँच योग्यताका २० क्षेत्र यस प्रकार छन् :

सूचना तथा सञ्चार : वेबसाइट, मोबाइल एप, सूचना सामग्री, विद्युतीय र छापाइसम्बन्धी सबै प्रकारका सामग्रीलाई आवश्यकता अनुसार ब्रेल डट, ठुलो अक्षर, क्याप्सन, साङ्केतिक भाषा, इत्यादि व्यवस्था गरी अपाङ्गता भएका व्यक्तिले आफ्नो अनुकूलतामा प्रयोग गर्न सक्छन्।

भौतिक संरचना : भवनहरूमा च्याम्प, लिफ्ट, शौचालय, पार्किङ, बस्ने, सुत्ने, काम गर्ने टेबुल इत्यादिमा सहजता हुन सक्छ।

डिजिटल दक्षता : वेबसाइट, सफ्टवेयर, डिजिटल सेवा र अनलाइन फारामहरू स्क्रिन रिडर, किबोर्ड तथा अन्य सहायक प्रविधिको प्रयोग फलदायी हुन्छ।

सार्वजनिक सेवा : सरकारी तथा गैरसरकारी कार्यालय, स्वास्थ्य, शिक्षा, बैङ्किङ, सामाजिक सुरक्षा, न्याय, प्रहरी, तथा अन्य सेवामा समान र प्राथमिकताका आधारमा सहज पहुँच पुग्छ।

भाषिक सञ्चार : सुनाइसम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरूका लागि साङ्केतिक भाषा र दोभाषे, दृष्टिविहीन व्यक्तिहरूका लागि श्रव्य सूचना, बौद्धिक अपाङ्गता भएका व्यक्तिका लागि सरल भाषा, श्रवण दृष्टिविहीनका लागि टेक्टायल स्पर्श भाषा आदि हुन्छ।

समावेशी शिक्षा : साक्षरता शिक्षादेखि सबै तहका शिक्षासम्मको व्यवस्थापन र भौतिक संरचना, पाठ्यसामग्रीको वैकल्पिक ढाँचा, सहायक प्रविधि, व्यक्तिगत सहयोग र परीक्षा प्रणालीमा पहुँच पुग्छ।

रोजगारी तथा कार्यस्थल : रोजगारीको सूचना, आवेदन प्रक्रिया, अन्तर्वार्ता, कार्यसमय, काम गर्ने तरिका र प्रविधिमा आवश्यक जिम्मेवारपूर्ण प्रशासनिक बन्दोबस्त मिल्छ।

यातायात : अनुकूल भौतिक संरचनाका साथ सूचना प्रणाली, टिकटको प्रबन्ध, चालक र कर्मचारीको व्यवहार, प्राथमिकता सेवा र यात्रासम्बन्धी जानकारीमा पहुँच हुन्छ।

आर्थिक तथा वित्तीय : बैङ्क खाता, एटिएम, डिजिटल भुक्तानी, बिमा, ऋण तथा वित्तीय कारोबारमा पहुँच पुग्छ।

स्वास्थ्य सेवा : स्वास्थ्यका सम्बन्धमा सूचना बुझ्न सक्ने ढाँचामा सूचना सामग्री, सञ्चार सहयोग, स्वास्थ्यकर्मीको संवेदनशीलता र आवश्यक सहायक सेवाहरू प्राप्त हुन्छ।

कानुन तथा न्याय : कानुनी सूचना बुझ्न सक्ने माध्यम र कानुनी भाषा, अदालतमा दोभाषे र लेखन तथा विश्लेषण सहयोगी साथै न्याय प्राप्त गर्ने प्रक्रियामा पहुँच पुग्छ।

सामाजिक तथा सांस्कृतिक : सामाजिक क्रियाकलाप खेलकुद, कला, मनोरञ्जन, पर्यटन, धार्मिक तथा सांस्कृतिक गतिविधिमा समान प्रतिनिधित्व र सहभागिता हुन्छ।

नागरिक सहभागिता : विभिन्न तहका सरकारमा प्रत्यक्ष र समानुपातिक सुनिश्चितता, मतदान, निर्वाचनसम्बन्धी सूचना, उम्मेदवारी, राजनीतिक सहभागितालगायत सार्वजनिक सुनुवाइमा पहुँच पुग्छ।

विपत् व्यवस्थापन : विपत्को पूर्वसूचना, उद्धार, राहत र पुनर्स्थापनासम्बन्धी सूचना सबै प्रकारका अपाङ्गता भएका व्यक्तिले बुझ्न र प्रयोग गर्न सक्ने हुँदा समस्याको समाधानमा सहजता हुन्छ।

सामाजिक विभेदविरुद्ध : अन्धविश्वासी र परम्परावादी नकारात्मक धारणा हटाउन र सेवा प्रदायक र समुदायमा अपाङ्गतासम्बन्धी संवेदनशीलता विकास गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग हुन्छ।

नीति निर्माण प्रक्रिया : नीतिनियम, कार्यविधि, कार्य प्रक्रिया वा संस्थागत प्रणालीको उठान र निर्माण हुने ठाउँमा पुगी निर्णय दिने अवसर र सक्षमतामा वृद्धि हुन्छ।

सहायक प्रविधि वा सामग्री : अनुकूलित भाषिक माध्यम वा सामग्री, ह्विलचेयर, श्रवण उपकरण, स्क्रिन रिडर, सञ्चार उपकरण, थेरापी सामग्री आदिको किफायती र प्रयोगयोग्य उपलब्धि हुन्छ।

संवैधानिक हकअधिकार : अपाङ्गता भएका व्यक्तिका अधिकार र कर्तव्य जन्मदाता अभिभावकको हकमा स्वत हुन्छ तर कानुनी हक अधिकारका जनक संविधान र सरकारसमक्ष पनि पहुँच राख्न सक्छन्।

प्रभावकारी समावेशी

समाजका सबै वर्ग, समुदाय, लिङ्ग, जातजाति, भाषा, धर्म र शारीरिक वा मानसिक अवस्था र विविध अपाङ्गता भएका व्यक्तिलाई बिनाकुनै भेदभाव समान अवसर, अधिकार, पहुँच र सम्मान प्रदान गर्ने प्रक्रिया तथा व्यवहार समावेशी हो। यसले समाजको मुख्य धारमा पछाडि परेका वा सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको सन्दर्भमा हरेक गतिविधिमा सहभागी हुन सक्ने वातावरण तयार पार्ने कुरालाई जनाउँछ। प्रभावकारी समावेशी भनेको अपाङ्गता भएका व्यक्तिलाई कार्यक्रममा सहभागी गराउनु मात्र होइन उनीहरूले समान रूपमा निर्णय गर्न, सेवा लिन, अवसर प्राप्त गर्न, स्वतन्त्र रूपमा जीवन बिताउन र परिणाममा लाभ पाउन सक्ने अवस्था सिर्जना गर्नु हो।

सबैलाई एउटै व्यवस्था गर्नु मात्र समावेशी होइन, बरु व्यक्तिको आवश्यकता अनुसार सहयोग र अनुकूल वातावरण दिनु समावेशीको मर्म हो। अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी प्रभावकारी बनाउन पहुँच योग्यताका साथै नीति, सेवा, निर्णय प्रक्रिया, स्रोत, व्यवहार र परिणाम सबै तहमा समावेशी सुनिश्चित गर्नु पर्छ।

ध्यान दिनुपर्ने विषय

अर्थपूर्ण सहभागिता : अपाङ्गता भएका व्यक्तिका लागि योजना, नीति तथा कार्यक्रम बनाउँदा अपाङ्गता भएका विज्ञ र अनुभवी व्यक्तिको प्रतिनिधि संस्थालाई परामर्श गर्न र निर्णय तथा मूल्याङ्कन प्रक्रियासम्म सहभागी गराउने।

असमान अवस्था : अपाङ्गता भएका महिला, बालबालिका, ज्येष्ठ नागरिक ग्रामीण र दुर्गम क्षेत्रका व्यक्ति, गरिब परिवार, गम्भीर वा बहुअपाङ्गता भएका व्यक्ति, बेवारिसे र जेलमा भएका व्यक्ति इत्यादिलाई समावेशीमा विशेषताका आधारमा महत्वका साथ सम्बोधन गर्ने।

विद्यालय र क्याम्पस : अपाङ्गता भएकादेखि सबै प्रकारका बालबालिका विद्यार्थीहरूका लागि व्यावहारिक रूपमा नै समावेशी लागु गर्न शैक्षणिक उद्देश्यको तय गर्ने, भौतिक संरचनादेखि पाठ्य विषय तथा सिकाइ क्रियाकलाप, कक्षाकोठा र अन्य भौतिक व्यवस्थापनदेखि मूल्याङ्कनसम्मका प्रक्रियामा विद्यालय प्रशासन, विद्यार्थी र सम्बन्धित अभिभावकसँगको विशेष सम्बन्ध र सहकार्य हुनुपर्ने।

उचित समायोजन : परीक्षा तथा मूल्याङ्कनमा समावेशी सुनिश्चित गर्न विद्यार्थीको व्यक्तिगत आवश्यकता, क्षमता, सिकाइको अवस्था र अपाङ्गताको प्रकृति अनुसार समान अवसर र उपयुक्त सहयोग प्रदान गर्नु पर्छ। निश्चित भाषिक (साङ्केतिक, ब्रेल) व्यवस्थाको अनुकूलता एवं सहयोगी प्रविधि उपलब्ध गराउँदै आवश्यकता अनुसार थप समयसमेतको व्यवस्थामा परीक्षा लिई मूल्याङ्कन पद्धतिमा फरक र लचिलोपन अपनाउने गरी नीतिगत र व्यावहारिक अभ्यास गर्नुपर्ने।

अन्तरभाषिक सिकाइ : हेर्ने र सुनेर हुने सिकाइमा दृश्य भाषा (साङ्केतिक भाषा), स्पर्श भाषा र आवाजयुक्त श्रव्य र ओठको चालसहितको हाउभाउयुक्त भाषालाई प्रविधि र दोभाषे वा शिक्षकमार्फत तालमेल मिलाउनुपर्ने।

सेवामा समायोजन : अपाङ्गता भएका व्यक्तिले अरू व्यक्तिसरह समान रूपमा काम गर्न, सेवा प्राप्त गर्न तथा आफ्नो अधिकार उपयोग गर्न सकून् भनेर उनीहरूको आवश्यकता र अवस्था अनुसार कार्यस्थल, सेवा, नियम, प्रक्रिया वा वातावरणमा उचित व्यवस्था गर्न काम गर्ने प्रक्रियालाई लचिलो बनाउनुपर्ने।

घरपरिवारमा समावेशी : अपाङ्गता भएका व्यक्तिलाई परिवारको एक समान सदस्यका रूपमा स्वीकार गर्नु, विचार सुन्नु, प्रश्न, तर्क, निर्णयको सम्मान गर्नु, सम्मानयुक्त भाषा प्रयोग गर्नु र परिवारका हरेक गतिविधिमा सहभागी हुने अवसर दिनु पर्छ।

फरक उमेरका व्यक्ति : अपाङ्गता भएका महिला, बालबालिका, ज्येष्ठ नागरिक, ग्रामीण र दुर्गम क्षेत्रका व्यक्ति, गरिब परिवार र गम्भीर वा बहुअपाङ्गता भएका व्यक्तिलाई व्यक्तिगत आवश्यकताका आधारमा समावेशीको वातावरण तयार गरिदिने।

सूचना तथा सञ्चार : सरकार वा सार्वजनिक संस्थाले सूचना प्रकाशित मात्र गरेर समावेशी भएको मानिँदैन। सूचना बुझ्न र प्रयोग गर्न सकिने हुनु पर्छ।

योजना निर्माण : समावेशीका लागि नीतिगत तथा कानुनी प्रबन्ध गर्न तथ्याङ्क र प्रमाणमा आधारित योजना बनाई छुट्टै वा स्पष्ट बजेट विनियोजन, पहुँचयोग्य पूर्वाधारको लागत, सहायक प्रविधि, मानव संसाधन, तालिम अनुगमन तथा मूल्याङ्कनका लागि स्रोत सुनिश्चित गर्न यथोचित बजेट र दृढ दक्ष जनशक्तिको व्यवस्था हुनुपर्ने।

उपचारात्मक व्यवस्था : अपाङ्गता भएका व्यक्तिले समावेशीको अभाव खड्किएको बेला उपचारात्मक प्रयोजनका लागि गुनासो गर्न, उजुरी दर्ता गर्न, समाधानको उपाय र आवश्यक परे अपिल गर्न सक्ने व्यवस्था हुनुपर्ने।

आपत्कालीन अवस्था : अपाङ्गता भएका व्यक्तिलाई छोटो अवधिमा अस्थायी व्यवस्थापन गर्दा पनि अपाङ्गता अनुकूल समावेशीमा ध्यान दिइनुपर्ने।

मूल्याङ्कन तथा अनुगमन : समावेशीको प्रक्रिया र व्यवस्थाको व्यावहारिक पक्षको लेखाजोखा साथै मूल्याङ्कन अनुगमन गर्न अपाङ्गता भएका व्यक्तिलाई पनि समावेश गर्नुपर्ने।

समावेशीका फाइदा

समावेशीले अपाङ्गता भएका व्यक्तिको व्यक्तिगत, पारिवारिक र सामाजिक जीवनमा दूरगामी सकारात्मक प्रभाव पार्छ। अपाङ्गतामैत्री वातावरण, शिक्षा, स्वास्थ्य र डिजिटल सूचनामा सहज पहुँचले उनीहरूलाई सक्षम, स्वतन्त्र र आत्मनिर्भर बनाई आत्मविश्वास र स्वावलम्बन बढाउँछ। रोजगारी र आर्थिक अवसरको सिर्जनाले परिवारको आर्थिक तथा मानसिक भार कम गर्नुका साथै लक्षित वर्गलाई गरिबी र असमानताको दुष्चक्रबाट मुक्त गरी प्रतिभा र श्रमको पूर्ण सदुपयोग गर्न मद्दत पुऱ्याउँछ। यसका साथै विभेद र बहिष्करणको अन्त्य भई सार्वजनिक सेवा, न्याय र सुरक्षित आवागमनमा समान पहुँच स्थापित हुन्छ। यसले समग्र राष्ट्रिय उत्पादकत्व र विकासमा योगदान पुऱ्याउँदै सरकार, निजी क्षेत्र र समुदायको साझा प्रयासमा सबैका लागि सुरक्षित, पहुँचयोग्य, न्यायपूर्ण र सुसभ्य आधुनिक समाज निर्माण गर्न मद्दत गर्छ। - गोरखापत्र

पहिलो पृष्ठबाट बाँकी

स्वदेशी...

आयोजकका अनुसार उत्सवको मुख्य उद्देश्य महिला उद्यमीलाई प्रोत्साहन गर्नु, उनीहरूले उत्पादन गरेका सामग्रीको बजार विस्तार गर्नु र स्वदेशी उत्पादनप्रति उपभोक्ताको आकर्षण बढाउनु हो। विशेषगरी चाडपर्वका समयमा बजारमा बाह्य उत्पादनको प्रयोग बढ्ने अवस्थामा स्थानीय स्तरमा उत्पादन भएका वस्तु तथा सामग्रीको उपयोगलाई प्राथमिकता दिन उत्सवले प्रेरित गर्ने विश्वास गरिएको छ।

यसैगरी नेपाली मौलिक संस्कृति, परम्परा र जीवनशैलीसँग जोडिएका परिकार तथा सामग्रीको प्रवर्द्धन गर्नु पनि उत्सवको अर्को महत्वपूर्ण उद्देश्य रहेको छ। तिहारमा प्रयोग हुने परम्परागत पूजाका सामग्री, स्थानीय खाद्य परिकार, फूलमाला तथा हस्तकलाका वस्तुको प्रदर्शनी र बिक्रीले नेपाली मौलिकता र स्थानीय उत्पादनको महत्वलाई उजागर गर्ने अपेक्षा गरिएको छ।

उत्सवका क्रममा स्टलमा राखिएका सामग्री तत्काल बिक्री वितरण गर्नुका साथै उत्सव सम्पन्न भएपछि पनि उपभोक्ताको मागअनुसार ती वस्तु तथा सामग्री कोशेली घर नेपालगन्जमा उपलब्ध गराउने व्यवस्था मिलाइने आयोजकले जनाएको छ। यसले दुई दिनको उत्सवमा मात्रै सीमित नभई महिला उद्यमीका उत्पादनलाई नियमित रूपमा बजारसँग जोड्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

महिला उद्यमी संघ नेपाल बाँकेले विगत एक दशकदेखि महिला उद्यमीले उत्पादन गरेका वस्तु तथा सामग्रीको बजारीकरण र प्रवर्द्धनका लागि विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ। संघले हरेक वर्ष लुम्बिनी प्रदेशस्तरीय प्रदर्शनी आयोजना गर्दै महिला उद्यमीका उत्पादनलाई व्यापक रूपमा प्रचारप्रसार तथा बिक्री वितरण गर्ने अवसर प्रदान गर्दै आएको छ।

यस्ता प्रदर्शनी तथा उत्सवले महिलालाई व्यापार, व्यवसाय र उद्यमशीलताप्रति आकर्षित गर्नुका साथै आफ्नै सीप, श्रम र क्षमताको उपयोग गरी आर्थिक रूपमा आत्मनिर्भर बन्न प्रेरित गर्ने विश्वास गरिएको छ। महिला उद्यमीले उत्पादन गरेका वस्तुहरूको बजार विस्तार हुँदा उनीहरूको आम्दानी बढ्नुका साथै स्थानीय अर्थतन्त्रमा समेत सकारात्मक योगदान पुग्न सक्छ।

विशेषगरी घरायसी सीप र परम्परागत ज्ञानमा आधारित उत्पादनलाई व्यावसायिक रूप दिन, नयाँ बजार खोज्न र उपभोक्तासँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्न यस्ता कार्यक्रम उपयोगी हुने देखिन्छन्। कोशेली घरले आयोजना गर्न लागेको तिहार उत्सवले पनि महिला उद्यमीका उत्पादनलाई थप पहिचान दिलाउँदै स्वदेशी तथा अर्गानिक वस्तुको उपभोग संस्कृतिलाई प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ।

तिहारको किनमेललाई स्थानीय उत्पादनसँग जोड्दै महिला उद्यमीको मेहनत र सिर्जनशीलतालाई उपभोक्तासमक्ष पुर्योउने लक्ष्यसहित आयोजना हुन लागेको 'तिहार उत्सव-२०८३' ले नेपालगन्जमा स्थानीय उत्पादन, महिला उद्यमशीलता र नेपाली मौलिक संस्कृतिको प्रवर्द्धनमा योगदान पुर्याउने आयोजकको विश्वास छ।

महिला उद्यमी संघ नेपाल बाँके अध्यक्ष रेवती सिंहले तिहार उत्सव महिला उद्यमीका स्थानीय उत्पादनलाई प्रवर्द्धन तथा बजारीकरण गर्ने महत्वपूर्ण अवसर भएको बताउनुभएको छ। उहाँका अनुसार महिला उद्यमीले घरमै उत्पादन गरेका वस्तु तथा सामग्रीले बजार पाउने वातावरण सिर्जना गर्नु, नेपाली अर्गानिक उत्पादनको उपभोग बढाउनु र स्थानीय उत्पादनलाई उपभोक्तासमक्ष पुर्यालउनु उत्सवको मुख्य उद्देश्य हो।

अध्यक्ष सिंहले महिला उद्यमीले उत्पादन गरेका वस्तु तथा सामग्रीलाई बजारसँग जोड्न सके उनीहरूको व्यवसाय विस्तार हुनुका साथै आर्थिक आत्मनिर्भरतामा समेत सहयोग पुग्ने बताउनुभयो। उहाँले भन्नुभयो, 'हाम्रो मुख्य उद्देश्य महिला उद्यमीले उत्पादन गरेका स्थानीय वस्तु तथा सामग्रीलाई प्रवर्द्धन गर्ने, बजारीकरण गर्ने र नेपाली अर्गानिक उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउने हो। महिलाहरूले घरमै विभिन्न सीप र मेहनतका साथ उत्पादन गरेका सामग्रीले उचित बजार र मूल्य पाउनुपर्छ। त्यसको लागि कोशेली घरले यस्ता उत्सव तथा प्रदर्शनीमार्फत उद्यमी र उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध स्थापित गर्ने प्रयास गरिरहेको छ।'

उहाँले महिला उद्यमीलाई केवल उत्पादनमा मात्र सीमित नराखी सफल व्यवसायीका रूपमा स्थापित गराउने लक्ष्य रहेको पनि बताउनुभयो। स्थानीय उत्पादनको नियमित बिक्री वितरण, बजार विस्तार र उपभोक्ताको मागअनुसार उत्पादन गर्न सके महिलाहरूको आम्दानी बढ्ने र उनीहरू आर्थिक रूपमा सबल बन्न सक्ने उहाँको भनाइ छ। उहाँले अगाडी भन्नुभयो, 'महिलाहरूलाई उद्यमशीलतामा जोडेर आफ्नै व्यवसाय सञ्चालन गर्न सक्ने बनाउनु आवश्यक छ। उनीहरूले उत्पादन गरेका वस्तु बिक्री हुने बजार सुनिश्चित गर्न सके व्यवसायप्रति थप उत्साह र आत्मविश्वास बढ्छ। हाम्रो प्रयास महिला उद्यमीलाई उत्पादन गर्ने अवस्थाबाट सफल व्यवसायी बन्ने अवस्थासम्म लग्नु हो। यसबाट महिलाहरू आर्थिक रूपमा आत्मनिर्भर र सबल बन्न बन्नेछन्।' उहाँले नेपाली संस्कृति, परम्परा र स्थानीय पहिचान बोकेका अर्गानिक खाद्यवस्तु तथा घरेलु सामग्रीको प्रयोगलाई प्राथमिकता दिन पनि उपभोक्तालाई आग्रह गर्नुभएको छ। स्वदेशी उत्पादनको उपभोग बढेमा स्थानीय उत्पादन गर्ने उद्यमीलाई प्रोत्साहन मिल्नुका साथै स्थानीय अर्थतन्त्रको विकासमा समेत योगदान पुग्ने उहाँको विश्वास छ।

माधव ...

अख्तियारले भूमिसुधार तथा व्यवस्था विभागका तत्कालीन महानिर्देशक (डीजी) राजेन्द्र शर्मा, तत्कालीन निर्देशक नारायण अधिकारी र उपसचिव बाबुराम खनाललाई पनि प्रतिवादी बनाएको छ। तत्कालीन शाखा अधिकृत सीताराम पोखरेल र नायब सुब्बा बुद्धिबहादुर कार्कीविरुद्ध पनि भ्रष्टाचार मुद्दा पेस गरिएको छ।

जग्गासम्बन्धी निर्णय तथा प्रशासनिक प्रक्रियामा संलग्न रहेको आरोपमा मालपोत कार्यालयका विभिन्न तहका अधिकृत तथा कर्मचारीहरूलाई समेत प्रतिवादी बनाइएको छ। यसरी राजनीतिक नेतृत्वदेखि प्रशासनिक संयन्त्रका विभिन्न तहमा कार्यरत व्यक्तिहरू गरी कुल ९७ जनालाई प्रतिवादी कायम गरिएको हो।

७३ करोड ४९ लाख रूपैयाँ बिगो मागदाबी

यस प्रकरणमा अख्तियारले प्रतिवादीहरूविरुद्ध ७३ करोड ४९ लाख रूपैयाँ बिगो माग गरेको छ। मोरङस्थित रिजाल एन्ड कम्पनीका नाममा ६० बिघा जग्गा छुट दिने प्रक्रियामा भएको भनिएको अनियमिततालाई भ्रष्टाचारको विषय बनाउँदै आयोगले विशेष अदालतमा अभियोगपत्र पेस गरेको हो।

अब विशेष अदालतमा मुद्दाको सुनुवाइ प्रक्रिया अघि बढ्नेछ। अदालतले अभियोगपत्र, प्रस्तुत प्रमाण र प्रतिवादीहरूको बयानलगायतका आधारमा मुद्दाको निरूपण गर्नेछ। पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, पूर्वमन्त्री डा. मिनेन्द्र रिजाल र तत्कालीन भूमिसुधार मन्त्री डम्बर श्रेष्ठसहित उच्च पदस्थ राजनीतिक तथा प्रशासनिक अधिकारीहरू प्रतिवादी बनेपछि यो मुद्दा विशेष चासोको विषय बनेको छ।

विशेषगरी सरकारी जग्गा छुट दिने निर्णय प्रक्रियामा राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रको भूमिका के थियो भन्ने विषय अदालतको अनुसन्धान तथा सुनुवाइका क्रममा महत्वपूर्ण बन्ने देखिन्छ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

नेपाल राष्ट्र बैकबाट घ वर्गको इजाजतपत्र प्राप्त संस्था राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको ऋण कर्जा चुक्ता गर्ने सम्वन्धि ३५ दिने सार्वजनिक सूचना।

प्रकाशित मिती : २०८३/०७/१८

यस ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.बाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण राखी वा सामूहिक जमानीमा लिएको कर्जा तपसिलका ऋणीहरूले लिएको ऋण कर्जाको सांवा व्याज लगाएतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासंगको शर्त कवुलियत बमेजिम समय समयमा तिर्नु/वुझाउनु पर्नेमा सो नतिरी नवुझाई ऋण कर्जा सम्वन्धी शर्त बन्देज उल्लधंन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई वेवास्ता गर्नु भएकोले यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लघुवित्त वित्तीय संस्थाको सम्बन्धित कार्यालयमा सम्पर्क गरी यस संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण सांवा, व्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नु होला। अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासंग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति समेत लिलाम विक्री गरि वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने छ। साथै उक्त चल अचल सम्पत्ति लिलाम विक्रीबाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, यस लघुवित्त वित्तीय संस्थासंग गरेको लिखत तथा प्रचलित कानुन बमोजिम ऋणी तथा जमानी कर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ।

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
१.ऋणीको विवरण: कमला गुरुङ(खड्का), ना.प्र.नः६३८८८, जारी मितिः २०६०-०७-१९, जिल्ला : सुर्खेत स्थायी ठेगानाः दहचौर-०४ सुर्खेत, हालको ठेगानाः कोहलपुर-१० कालिकानगर पतिको/पत्निको नामः डम्बर बहादुर खड्का, बुबाको नामः रुद्र बहादुर गुरुङ, ससुरा/बाजेको नामः नन्दबिर खड्का, **व्यक्तिगत धन जमानीकर्ताको नाम:** डम्बर बहादुर खड्का, ना.प्र.नं. ३२७४९/११२६, जारी मितिः २०५५-०४-०४, सुर्खेत स्थायी ठेगानाः दहचौर-०४ सुर्खेत, हालको ठेगानाः कोहलपुर-१० कालिकानगर, ससुरा/बाजेको नामः नन्दवीर खड्का

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
२.ऋणीको विवरण: मुना कुमारी शाही, ना.प्र.नः९१००, जारी मितिः २०५९-०१-२६, जिल्ला : बाँके , स्थायी ठेगानाः रुफेना-०४ बाँके, हालको ठेगानाः रुफेना-०४ बाँक , पतिको/पत्निको नामः कमल पौडेल, बुबाको नामः सन्त बहादुर शाही, ससुरा/बाजेको नामः बुद्दिराम शर्मा, **व्यक्तिगत धन जमानीकर्ताको नाम:** कमल पौडेल, ना.प्र.नं. ६९९२/२६०, जारी मितिः २०६०-०३-२६, जिल्लाः प्युठान स्थायी ठेगानाः लमही न.पा. ०१ दाङ, हालको ठेगानाः कोहलपुर-न.पा. ०१, सिद्दनगर, पति/पत्निको नाम : ....., बुबाको नाम : .....ससुरा/बाजेको नामः .....

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
३.ऋणीको विवरण: जय कुमारी सुनार, ना.प्र.नः३४८२, जारी मितिः २०५५-०५-१६, जिल्ला : बाँके , स्थायी ठेगानाः कोहलपुर-०८ पिपरी, हालको ठेगानाः कोहलपुर-०८ पिपरी , पतिको/पत्निको नामः अमर सिंह सुनार, बुबाको नामः कर्ण बहादुर सुनार, ससुरा/बाजेको नामः धर्मे सुनार, **व्यक्तिगत धन जमानीकर्ताको नाम:** अमर सिंह सुनार, ना.प्र.नं. ९६०, जारी मितिः २०४४-११-३०, जिल्लाः बर्दिया स्थायी ठेगानाः जमुनी-०९ बर्दिया, हालको ठेगानाः कोहलपुर-न.पा. ०८, पिपरी, पति/पत्निको नाम : ....., बुबाको नाम : .....ससुरा/बाजेको नामः लालबीर सुनार

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
४.ऋणीको विवरण: धनमाया तारामीमगर, ना.प्र.नः५२/११६६३, जारी मितिः २०६०-०९-०४, जिल्ला : दैलेख , स्थायी ठेगानाः सेरी-०३, दैलेख, हालको ठेगानाः कोहलपुर-०५ सिद्दनगर , पतिको/पत्निको नामः कर्ण बहादुर तारामीमगर, बुबाको नामः रन बहादुर थापामगर, ससुरा/बाजेको नामः बल बहादुर तारामीमगर, **व्यक्तिगत धन जमानीकर्ताको नाम:** धन कुमारी राम्जाली (शाही), ना.प्र.नं. ६३-०१-७१-००५९१, जारी मितिः २०७१-०३-०८, जिल्लाः दैलेख, स्थायी ठेगानाः सेरी-०३ दैलेख, हालको ठेगानाः कोहलपुर-न.पा. ०५, सिद्दनगर, पति/पत्निको नाम : रेशम बहादुर शाही, बुबाको नाम : हस्त बहादुर राम्जाली मगर, ससुरा/बाजेको नामः लोकेन्द्र शाही

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
५.ऋणीको विवरण: मनकुमारी बस्नेत, ना.प्र.नः२९४९९, जारी मितिः २०६०-०२-२५, जिल्ला : बर्दिया , स्थायी ठेगानाः तारातल-०८, बर्दिया, हालको ठेगानाः कोहलपुर-०५ सिद्दनगर , पतिको/पत्निको नामः लोक बहादुर सलामी, बुबाको नामः ओम बहादुर बस्नेत, ससुरा/बाजेको नामः तिल बहादुर सलामी , **व्यक्तिगत धन जमानीकर्ताको नाम:** जितमाया सलामी, ना.प्र.नं. १८११५, जारी मितिः २०६०-१२-३०, जिल्लाः बाँके, स्थायी ठेगानाः बागेश्वरी-०६ खजुरा, बाँके , हालको ठेगानाः कोहलपुर-न.पा. ०५, सिद्दनगर, पति/पत्निको नाम : मदन सलामी, बुबाको नाम : पतिराम थापा , ससुरा/बाजेको नामः तिल बहादुर सलामी

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
६.ऋणीको विवरण: दुर्गा खड्का, ना.प्र.नः६४-०१-७२-०१११३, जारी मितिः २०७२-०३-०३, जिल्ला : सुर्खेत , स्थायी ठेगानाः भेरी गंगा-१२, सुर्खेत, हालको ठेगानाः कोहलपुर-०२ गौरी डाँडाँ , पतिको/पत्निको नामः खिम बहादुर खडका , बुबाको नामः सुरथ बहादुर खत्री, ससुरा/बाजेको नामः रिक्त बहादुर खड्का , **व्यक्तिगत धन जमानीकर्ताको नाम:** खिम बहादुर खड्का, ना.प्र.नं. ६९१२४, जारी मितिः २०६१-०८-०२, जिल्लाः सुर्खेत, स्थायी ठेगानाः भेरी गंगा-०६ सुर्खेत , हालको ठेगानाः कोहलपुर-०२, गौरी डाँडा, पति/पत्निको नाम : ..... , बुबाको नाम : ..... , ससुरा/बाजेको नामः .....

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
७.ऋणीको विवरण: गिता रानी थारु, ना.प्र.नः०६६३०४६-६८५, जारी मितिः २०६३-१११-०७, जिल्ला : बाँके , स्थायी ठेगानाः नौबस्ता-२, लदौरा, हालको ठेगानाः बैजनाथ-०२ लदौरा , पतिको/पत्निको नामः धनवा थारु , बुबाको नामः पल्टन थारु, ससुरा/बाजेको नामः भगौती थारु , **व्यक्तिगत धन जमानीकर्ताको नाम:** धनवा थारु , ना.प्र.नं. १२१, जारी मितिः २०४६-०२-०७, जिल्लाः बाँके, स्थायी ठेगानाः बैजनाथ-०२ लदौरा , हालको ठेगानाः बैजनाथ-०२ लदौरा , पति/पत्निको नाम : ..... , बुबाको नाम : ..... , ससुरा/बाजेको नामः विश्राम थारु

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
८.ऋणीको विवरण: यसोदा नेपाली, ना.प्र.नः६६१०१४-६१०, जारी मितिः २०६५-११-११, जिल्ला : बाँके , स्थायी ठेगानाः रुफेना-०८ बाँके, हालको ठेगानाः रुफेना-०८ बाँके , पतिको/पत्निको नामः गणेश कुमारी नेपाली , बुबाको नामः कुल बहादुर दमाइ, ससुरा/बाजेको नामः जुद्द बहादुर दमै , **व्यक्तिगत धन जमानीकर्ताको नाम:** गणेश कुमारी नेपाली , ना.प्र.नं. २३५-२३४, जारी मितिः २०५७-०९-२९, जिल्लाः दाङ, स्थायी ठेगानाः हेकुली -०४ दाङ , हालको ठेगानाः कोहलपुर न.पा. ०५, सिद्दनगर , पति/पत्निको नाम : ..... , बुबाको नाम : ..... , ससुरा/बाजेको नामः .....

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
९.ऋणीको विवरण: शुष्मा पुन मगर, ना.प्र.नः८९३५, जारी मितिः २०५८-११-२६, जिल्ला : बाँके , स्थायी ठेगानाः रुफेना-०८ बाँके, हालको ठेगानाः रुफेना-०८ बाँके , पतिको/पत्निको नामः गजेन्द्र पुन मगर , बुबाको नामः धन बहादुर रामजाली पुन , ससुरा/बाजेको नामः हरिलाल पुन मगर , व्यक्तिगत धन जमानीकर्ताको नामः योगेन्द्र बहादुर पुन , ना.प्र.नं. ४८५३, जारी मितिः २०५६-०२-२७, जिल्लाः बाँके, स्थायी ठेगानाः रुफेना-०८ बाँके, हालको ठेगानाः रुफेना-०८ बाँके, पति/पत्निको नाम : ..... , बुबाको नाम : तेज बहादुर पुन मगर , ससुरा/बाजेको नामः डन्डु पुन मगर

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
१०.ऋणीको विवरण: शुशिला सुनार, ना.प्र.नः६५३०११-५७४, जारी मितिः २०६३-११-२६, जिल्ला : बर्दिया , स्थायी ठेगानाः जमुनी-०७ बर्दिया, हालको ठेगानाः कोहलपुर-१० एकता नगर , पतिको/पत्निको नामः बुद्दि बहादुर सुनार , बुबाको नामः लिला बहादुर सुनार , ससुरा/बाजेको नामः जित बहादुर सुनार , **व्यक्तिगत धन जमानीकर्ताको नाम:** बुद्दि बहादुर सुनार, ना.प्र.नं. ६५३२५४, जारी मितिः २०५३-०१-१९, जिल्लाः बर्दिया, स्थायी ठेगानाः रुफेना-०८ बाँके, हालको ठेगानाः रुफेना-०८ बाँके, पति/पत्निको नाम : ..... , बुबाको नाम : ..... , ससुरा/बाजेको नामः भद्र बहादुर सुनार

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
११.ऋणीको विवरण: उमा शाही, ना.प्र.नः६४३०२५-२६०, जारी मितिः २०६३-१०-११, जिल्ला : सुर्खेत , स्थायी ठेगानाः रामघाट-५, सुर्खेत , हालको ठेगानाः कोहलपुर-१० एकता नगर , पतिको/पत्निको नामः पुर्ण मिलन शाही , बुबाको नामः कृष्ण बहादुर शाही , ससुरा/बाजेको नामः खड्क बहादुर शाही , **व्यक्तिगत धन जमानीकर्ताको नाम:** पुर्ण मिलन शाही, ना.प्र.नं. ४४३०९-१४०, जारी मितिः २०५८-०५-२९, जिल्लाः सुर्खेत , स्थायी ठेगानाः दहचौर-०१ सुर्खेत , हालको ठेगानाः कोहलपुर न.पा. १० एकतानगर , पति/पत्निको नाम : ..... , बुबाको नाम : ..... , ससुरा/बाजेको नामः भक्त बहादुर शाही

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
१२.ऋणीको विवरणः अम्बिका कुमारी, ना.प्र.नः५३३-७८६-३६७५२२६५, जारी मितिः २०४०-१०-१७, जिल्ला : सर्लाही , स्थायी ठेगानाः जब्दी-६, सर्लाही , हालको ठेगानाः कोहलपुर-११ एकता नगर , पतिको/पत्निको नामः बहादुर सिहं बस्नेत क्षेत्री , बुबाको नामः दुर्गा सिंह शीव भक्ती , ससुरा/बाजेको नामः रन बहादुर बस्नेत क्षेत्री , **व्यक्तिगत धन जमानीकर्ताको नाम:** सचीना गीरी, ना.प्र.नं. १००७/२८२, जारी मितिः २०६७-०४-१७, जिल्लाः जाजरकोट , स्थायी ठेगानाः जगतीपुर-०९ जाजरकोट , हालको ठेगानाः कोहलपुर न.पा. ११ एकतानगर , पति/पत्निको नाम : .खुमान सिहं शाही , बुबाको नाम : मोतु गीरी , ससुरा/बाजेको नामः लोक बहादुर शाही

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
१३.ऋणीको विवरणः निर्मला सिंह, ना.प्र.नः६४१०३८-११३२१७, जारी मितिः २०६९-०२-२४, जिल्ला : सुर्खेत , स्थायी ठेगानाः खानीखोला-०६, सुर्खेत , हालको ठेगानाः कोहलपुर-११ एकता नगर , पतिको/पत्निको नामः जिपेन्द्र सिंह , बुबाको नामः हर्क बहादुर भुजेल , ससुरा/बाजेको नामः लाल बहादुर सिंह , **व्यक्तिगत धन जमानीकर्ताको नाम:** जिपेन्द्र सिंह, ना.प्र.नं. ६४१०३८/८१६५३, जारी मितिः २०६४-०१-१२, जिल्लाः सुर्खेत , स्थायी ठेगानाः खानीखोला-०६, सुर्खेत, हालको ठेगानाः कोहलपुर न.पा. ११ एकतानगर , पति/पत्निको नाम : ..... , बुबाको नाम : ..... , ससुरा/बाजेको नामः धन सिंह

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
१४.ऋणीको विवरणः अनु खत्री, ना.प्र.नः६६१०४१-२४०, जारी मितिः २०६४-१२-१४, जिल्ला : बाँके , स्थायी ठेगानाः बागेश्वरी-०७, खजुरा , हालको ठेगानाः कोहलपुर-११ एकता नगर , पतिको/पत्निको नामः धिर प्रसाद अधिकारी खत्री , बुबाको नामः गगन बहादुर पुनमगर, ससुरा/बाजेको नामः रामजी प्रसाद खत्री , **व्यक्तिगत धन जमानीकर्ताको नाम:** धिर प्रसाद अधिकारी खत्री, ना.प्र.नं. १०१०, जारी मितिः २०६०-०४-०९, जिल्लाः जुम्ला , स्थायी ठेगानाः चन्दननाथ-०९, जुम्ला, हालको ठेगानाः कोहलपुर न.पा. ११ एकतानगर , पति/पत्निको नाम : ..... , बुबाको नाम : ..... , ससुरा/बाजेको नामः पुरीनाथ खत्री

कार्यालयको नाम: ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
१५.ऋणीको विवरणः शुशिला बस्नेत, ना.प्र.नः६६३०१२-१३५, जारी मितिः २०६३-१०-०५, जिल्ला : बाँके , स्थायी ठेगानाः कोहलपुर-०३, बाँके , हालको ठेगानाः कोहलपुर-११ एकता नगर , पतिको/पत्निको नामः शिब बहादुर बस्नेत क्षेत्री , बुबाको नामः अमर बहादुर पुन, ससुरा/बाजेको नामः कर्ण बहादुर बस्नेत, **व्यक्तिगत धन जमानीकर्ताको नाम:** शिब बहादुर बस्नेत क्षेत्री, ना.प्र.नं. २४३३, जारी मितिः २०५४-११-१७, जिल्लाः बाँके, स्थायी ठेगानाः कोहलपुर-०३, बाँके, हालको ठेगानाः कोहलपुर न.पा. ११ एकतानगर , पति/पत्निको नाम : ..... , बुबाको नाम : ..... , ससुरा/बाजेको नामः शिब बहादुर बस्नेत क्षेत्री

कार्यालयको नाम:ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
१६.ऋणीको विवरण:शुस्मा राई , ना.प्र.नः६६३०१३/२०२, जारी मितिः २०६३-१०-०७, जिल्लाः बाँके, स्थायी ठेगानाः कोहलपुर ०३ बाँके, हालको ठेगानाःकोहलपुर-११ एकतानगर, पतिको/पत्निको नामः राजकुमार राई, बुबाको नामः पदम बहादुर गुरुङ, ससुरा/बाजेको नामः ढाक बहादुर राई, **व्यक्तिगत धन जमानीकर्ताको नाम:** धिर प्रसाद अधिकारी खत्री, ना.प्र.नं. १०१०, जारी मितिः २०६०-०४-०९, जिल्लाः जुम्ला स्थायी ठेगानाः चन्दननाथ ०९ जुम्ला, हालको ठेगानाः कोहलपुर न.पा.११ एकतानगर, बाजेको नाम : पुरीनाथ खत्री

कार्यालयको नाम:ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
१७. ऋणीको विवरण: पदमा बि.क, ना.प्र.नः १६१३९, जारी मितिः २०६२-०६-२३, जिल्लाः बाँके, स्थायी ठेगानाः कोहलपुर ०३ बाँके, हालको ठेगानाः कोहलपुर ०३ बाँके, पतिको/पत्निको नामः नर बहादुर बि.क., बुबाको नामः लिलवाने सुनार, ससुरा/बाजेको नामः धनसिंह कामी, **व्यक्तिगत धन जमानीकर्ताको नाम:** नर बहादुर बि.क., ना.प्र.नं. ७८१७, जारी मितिः २०५८-०४-१७, जिल्लाः बाँके, स्थायी ठेगानाः कोहलपुर ०३ बाँके, हालको ठेगानाः कोहलपुर ०३ बाँके, ससुरा/बाजेको नाम : बिर बहादुर कामी

कार्यालयको नाम:ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
१८. ऋणीको विवरण: शर्मिला सिंह चन्द, ना.प्र.नः ६२१०१९/२३९, जारी मितिः २०६८-०८-१९, जिल्लाः जाजरकोट, स्थायी ठेगानाः जाजरकोट ०१ पैक, हालको ठेगानाः कोहलपुर ०२ गौरीडाँडा, पतिको/पत्निको नामः किशोर कुमार सिंह, बुबाको नामः भविन्द्र चन्द, ससुरा/बाजेको नामः गोरख बहादुर सिंह, **व्यक्तिगत धन जमानीकर्ताको नाम:** किशोर कुमार सिंह, ना.प्र.नं. ११३४, जारी मितिः २०५८-०८-०४, जिल्लाः जाजरकोट, स्थायी ठेगानाःजाजरकोट ०१ पैंक, हालको ठेगानाः कोहलपुर ०२ गौरी डाँडा, ससुरा/बाजेको नामः जुद्द बहादुर सिंह

कार्यालयको नाम:ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
१९. **ऋणीको विवरण:** धनसरा शाही, ना.प्र.नः ६३३००३/२६९, जारी मितिः २०६३-१०-१७, जिल्लाः दैलेख, स्थायी ठेगानाः दैलेख ०४ तोलो, हालको ठेगानाः कोहलपुर ०३ मदनचोक, पतिको/पत्निको नामः पदम बहादुर शाही, बुबाको नामः नर बहादुर कठायत, ससुरा/बाजेको नामः रत्न बहादुर शाही, **व्यक्तिगत धन जमानीकर्ताको नामः** संजिता सिंह (कठायत), ना.प्र.नं. ६३-०१-७२-१३९ जारी मितिः २०७२-०१-२३, जिल्लाः दैलेख स्थायी ठेगानाः नारायण ०४ दैलेख, हालको ठेगानाः कोहलपुर ०३ मदनचोक, पति/पत्निः गोरख बहादुर कठायत, बुबाको नामः लब सिंह, ससुरा/बाजेको नामः नर बहादुर कठायत

कार्यालयको नाम:ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
२०. **ऋणीको विवरण:** रत्न कुमारी चन्द, ना.प्र.नः २३७२९, जारी मितिः २०६१-०४-२८, जिल्लाः दैलेख, स्थायी ठेगानाः दैलेख ०५ चौराण, हालको ठेगानाः बैजनाथ ०१ चिसापानी, पतिको/पत्निको नामः बल बहादुर चन्द, बुबाको नामः तिल बहादुर मल्ल, ससुरा/बाजेको नामः सन्त बहादुर चन्द, **व्यक्तिगत धन जमानीकर्ताको नामः** कृतिका मल्ल, ना.प्र.नं. ६६-०६-७३-०३५७३, जारी मितिः २०७३-११-२६, जिल्लाः बाँके स्थायी ठेगानाः कोहलपुर ०५ बाँके, हालको ठेगानाः कोहलपुर ०५ बाँके, बाजेको नामः तिल बहादुर मल्ल

कार्यालयको नाम:ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
२१. **ऋणीको विवरण:** तेज बहादुर सलामी, ना.प्र.नः ३८१०५, जारी मितिः २०५७-०१-०२, जिल्लाः सुर्खेत, स्थायी ठेगानाः कल्याण ०३ सुर्खेत, हालको ठेगानाःबैजनाथ ०४ चिल्लटा, पतिको/पत्निको नामःअनिता एसमाली, बुबाको नामः मन बहादुर सलामी, ससुरा/बाजेको नामः नर बहादुर सलामी, **व्यक्तिगत धन जमानीकर्ताको नामः** अनिता एसमाली, ना.प्र.नं. ३२२०७८-१६६८, जारी मितिः २०६६-०३-०३, जिल्लाः रौतहट स्थायी ठेगानाः पौराई ०३ रौतहट, हालको ठेगानाः बैजनाथ ०४ चिल्लटा, पति/पत्निः बुबाको नामः गोरख बहादुर एसमाली, ससुरा/बाजेको नाम

कार्यालयको नाम:ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
२२. **ऋणीको विवरण:** कृष्ण बहादुर शाही, ना.प्र.नः १००५/२१०, जारी मितिः २०४४-११-०२, जिल्लाः बाँके, स्थायी ठेगानाः बैजनाथ ०१ चिसापानी, हालको ठेगानाः, पतिको/पत्निको नामः, बुबाको नामः नर बहादुर शाही, ससुरा/बाजेको नामः दल बहादुर शाही, **व्यक्तिगत धन जमानीकर्ताको नामः** भुपेन्द्र शाही, ना.प्र.नं. ६६-०६-७४-०२५८३, जारी मितिः २०७४-०५-१९, जिल्लाः बाँके स्थायी ठेगानाःबैजनाथ ०१ चिसापानी, हालको ठेगानाः बैजनाथ ०१ चिसापानी, पति/पत्निः बुबाको नामः कृष्ण बहादुर शाही, ससुरा/बाजेको नाम : नर बहादुर शाही

कार्यालयको नाम:ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
२३.**ऋणीको विवरण:** निरा शाही, ना.प्र.नः११४२६९/४९, जारी मितिः २०६२-०७-०६, जिल्लाः दैलेख, स्थायी ठेगानाः भवानी-०६ दैलेख, हालको ठेगानाः कोहलपुर-०३ मदनचोक, पतिको/पत्निको नामः रज बहादुर शाही , बुबाको नामः विष्ण बहादुर सिंह, ससुरा/बाजेको पदम बहादुर शाही, **व्यक्तिगत धन जमानीकर्ताको नामः** रज बहादुर शाही, ना.प्र.नं. १४८०, जारी मितिः २०४६-०२-०३, जिल्लाः दैलेख स्थायी ठेगानाः भवानी-०६ दैलेख, हालको ठेगानाः कोहलपुर-०३ मदनचोक, ससुरा/बाजेको नाम : धन बहादुर शाही

कार्यालयको नाम:ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
२४.**ऋणीको विवरण:**पुर्णा बुढा, ना.प्र.नः ६२१०११/१६, जारी मितिः २०६४-०२-२१, जिल्लाः जाजरकोट, स्थायी ठेगानाः डाँडागाउँ-०८ जाजरकोट, हालको ठेगानाःकोहलपुर-०३ मदनचोक, पतिको/पत्निको नामः कृष्ण बहादुर बुढा, बुबाको नामः जय बहादुर सिंह, ससुरा/बाजेको नामःधनवीर बुढा, **व्यक्तिगत धन जमानीकर्ताको नामः** कृष्ण बहादुर बुढा, ना.प्र.नं. ६२१०११/१५, जारी मितिः २०६४-०२-२०, जिल्लाःजाजरकोट स्थायी ठेगानाःडाडाँगाउँ -०८ जाजरकोट, हालको ठेगानाः कोहलपुर-०३ मदनचोक, ससुरा/बाजेको नाम : गोरख बुढा

कार्यालयको नाम:ग्रामीण विकास लघूवित्त वित्तीय संस्था लि, कोहलपूर शाखा
२५.**ऋणीको विवरण:**शुष्मा विष्ट, ना.प्र.नः६११०१३/१८८९०/३१५१, जारी मितिः २०६८-०७-०७, जिल्लाः कालिकोट, स्थायी ठेगानाः मान्म-०१ कालीकोट, हालको ठेगानाःकोहलपुर-०३ मदनचोक, पतिको/पत्निको नामःधनबहादुर रोकाय, बुबाको नामःप्रदिप विष्ट, ससुरा/बाजेको नामःरग्या रोकाय, **व्यक्तिगत धन जमानीकर्ताको नामः** सुस्मीता विष्ट, ना.प्र.नं. ६४-०१-८१-००९०१, जारी मितिः २०८१-०२-२७, जिल्लाःसुर्खेत स्थायी ठेगानाःबराह ताल ०३ सुर्खेत, हालको ठेगानाः बराह ताल ०३ सुर्खेत, बुबाको नाम :गंग बहादुर विष्ट, बाजेको नाम : गज बहादुर विष्ट

कर्णाली किनारमा 'ओ मेरी छोराटी' को छायाँकन सम्पन्न

कालपृष्ठ समाचारदाता

बाँके, १७ कार्तिक



गायक तथा मोडेल सुनिल सिंह ठकुरीको 'ओ मेरी छोराटी' गीतको म्युजिक भिडियोको छायाँकन सकिएको छ। कर्णाली भेगको गीत, संगीत र भाषालाई झल्काउने गीतको छायाँकन कर्णाली नदिको पुलमा गरिएको थियो। गीतको सम्पुर्ण छायाँकन कर्णाली चिसापानी वरपरको सेरोफेरोमा गरिएको गायक ठकुरीले बताउनु भयो।

सुनिल सिंह ठकुरी र सदिक्षा कटेलले गाएको 'ओ मेरी छोराटी' गीतको म्युजिक भिडियोमा कलाकार भुगोल कुमार कार्की, करिष्मा शाही ठकुरी, सुनिल सिंह ठकुरी, दिनेश कठायत काजी, दिनेश रेग्मीले अभिनय गर्नु भएको छ।

नविन रावलको शब्द-संगीत रहेको गीतको म्युजिक भिडियोको निर्देशन सुरज पाण्डेले गर्नु भएको छ भने क्यामेरामा विशाल परियार र श्रृंगार रवि केसी रहनु भएको छ। तुलसी देवी फिल्म प्रालीले निर्माण गरेको म्युजिक भिडियोको मिडिया प्रमोशन पार्टनरमा कालपृष्ठ दैनिक रहेको छ। म्युजिक भिडियो यसै साता गायक सुनिल सिंह ठकुरीको युटुब च्यानलमार्फत सार्वजनिक गर्ने तयारी गरिएको छ।

पहिलो पटक सुदुरपश्चिमको संस्कृतिलाई चिनाउने गीत गाउँदा खुसी लागेको गायक सुनिल सिंह ठकुरीले बताउनु भयो। उहाँले भन्नु भयो,'मैले करिब एक सय गीत गाईसकेको छु। तर यो गीत मेरो करियरको विषेश गीत हो। यसलाई मेरो प्रिय श्रोता, दर्शकले मनपराउनु हुनेछ भन्ने विश्वास लिएको छु।'

नेपाली गीतसङ्गीत क्षेत्रमा गायक तथा मोडेल सुनिल सिंह ठकुरी आफ्नो विभिन्न सांगीतिक प्रस्तुतिमार्फत दर्शकमाझ परिचित हुनुहुन्छ। उहाँका विभिन्न गीत तथा म्युजिक भिडियोले नेपाली सांगीतिक क्षेत्रमा उपस्थिति जनाउँदै छ। यसै क्रममा उहाँको 'ओ मेरी छोराटी' गीतले पनि दर्शक तथा श्रोतामाझ आकर्षण सिर्जना गर्ने अपेक्षा गरिएको छ।

म्युजिक भिडियोमा अभिनय गर्नु भएका कलाकार भुगोल कुमार कार्कीले सुदुरपश्चिमको भाषालाई चिनाउन गीतले सहयोग गर्ने बताउनु भयो। उहाँले भन्नु भयो,'म आफै पनि सुदुरपश्चिमको हुँ। सुदुरपश्चिमको गीतमा मैले पनि पहिलो पटक अभिनय गरेको छु। यो नृत्य गर्न मिल्ने गीत हो। यसलाई दर्शक, श्रोताले मन पराउनु हुनेछ भन्ने विश्वास छ।' म्युजिक भिडियोमा अभिनय गर्ने कलाकारले पनि गीतले दर्शकको मन जित्ने विश्वास लिनु भएको छ। मोडेल करिश्मा शाही ठकुरीले गीत निकै सुन्दर भएको बताउनु भयो।

फरक शैलीका गीत तथा भिडियोमार्फत दर्शकको मन जित्ने प्रयासमा रहेका कलाकार, गायक तथा गायिकाले सृजना गरेको 'ओ मेरी छोराटी' ले चर्चित हुने निर्माण टिमले विश्वास लिएको छ। नेपाली सांगीतिक क्षेत्रमा नयाँ तथा फरक स्वादका गीतहरूको माग बढिरहेका बेला 'ओ मेरी छोराटी' ले कस्तो प्रतिक्रिया पाउँछ भन्ने आम दर्शकको पनि चासो रहेको छ।

लुम्बिनी प्रदेशमा आन्दोलनका घाईतेहरुको उपचारसम्बन्धी कार्यविधि स्वीकृत

कालपृष्ठ समाचारदाता

दाङ, १७ कार्तिक

लुम्बिनी प्रदेश सरकारले सशस्त्र द्वन्द्व, जनआन्दोलन, मधेस आन्दोलन र जेन्जी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको उपचारसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गरेको छ।

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा मंगलबार बसेको प्रदेश मन्त्रीपरिषद् बैठकले घाइतेहरूको उपचारसम्बन्धी कार्यविधि स्वीकृत गर्ने निर्णय गरेको हो। बैठकले आर्थिक वर्ष २०८२र८३ को शासकीय सुधार तथा सुशासनसम्बन्धी वार्षिक प्रतिवेदनसमेत स्वीकृत गरेको छ। त्यस्तै, प्रदेश सरकारअन्तर्गत तथा सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी नियुक्ति तथा मनोनयनसम्बन्धी कार्यविधि, २०८३ पनि पारित गरेको सरकारका प्रवक्ता तथा सामाजिक विकास मन्त्री रामजीप्रसाद घिमिरेले जानकारी दिनुभयो।

यसैगरी, प्रदेश वन (दोस्रो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय भएको छ। निजी वनका रुख कटान, उपयोग, ओसारपसार, बिक्री वितरण तथा अनुगमनसम्बन्धी कार्यविधि भने सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने निर्णय गरिएको छ।

बैठकले लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव नीता पोखेल अर्याललाई तोक्ने निर्णय गरेको छ।

जानकी गाउँपालिकाको कार्यालय
(नक्शा उपशाखा)
जानकी बाँके
घर नक्सा पास सम्बन्धी सूचना

जानकी गाउँपालिका वडा नं. ३ बस्ने श्री पम्फा देवी खड्काको नाममा दर्ता रहेको साविक वडा नं. इद्रपुर-३(क) कि.नं. २३४३, सिट .नं. ३ (क) , क्षेत्रफलः २११.६३ व.मी जग्गामा घर निर्माण गर्नका लागि मिति २०८३/०६/२० मा नक्सासहितको निवेदन पेश गर्नु भएकोले उक्त घरनक्सा पास कार्य परियोजनको लागि प्रक्रिया पूरा गरी स्थलगत सरजमिन बुझ्दा पुर्व- कि.नं. ४७४६ , पश्चिम- कच्ची बाटो , ३२४४ उत्तर- कि.नं. २२५६ र दक्षिण- कि.नं. ३२८४ को संधियारहरू फिल्डमा उपस्थित नहुनु भएकोले कोही कसैको दावी / विरोध भए आफ्नो स-प्रमाणसहितको यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा जानकारी गराउनुहोला। अन्यथा कानून बमोजिम निजको नाममा घरनक्सा पास भैजाने व्यहोराको सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकिय अधिकृत

जानकी गाउँपालिकाको कार्यालय
(नक्शा उपशाखा)
जानकी बाँके
घर नक्सा पास सम्बन्धी सूचना

जानकी गाउँपालिका वडा नं. ३ (कृष्णनगर टोल) बस्ने श्री मिना कुमार चौधरीको नाममा दर्ता रहेको साविक वडा नं. इद्रपुर-३(क) कि.नं. १८२२, क्षेत्रफलः २३७.०२ व.मी जग्गामा घर निर्माण गर्नका लागि मिति २०८३/०५/२५ मा नक्सासहितको निवेदन पेश गर्नु भएकोले उक्त घरनक्सा पास कार्य परियोजनको लागि प्रक्रिया पूरा गरी स्थलगत सरजमिन बुझ्दा पुर्व- कि.नं.१८४२, १८५३, पश्चिम- ग्राबेल बाटो, उत्तर- ग्राबेल बाटो र दक्षिण- कि.नं. १५२८ को संधियारहरू फिल्डमा उपस्थित नहुनु भएकोले कोही कसैको दावी / विरोध भए आफ्नो स-प्रमाणसहितको यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा जानकारी गराउनुहोला। अन्यथा कानून बमोजिम निजको नाममा घरनक्सा पास भैजाने व्यहोराको सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकिय अधिकृत

जानकी गाउँपालिकाको कार्यालय
(नक्शा उपशाखा)
जानकी बाँके
घर नक्सा पास सम्बन्धी सूचना

जानकी गाउँपालिका वडा नं. ३ (बेलासपुर) बस्ने श्री सुरज कार्कीको नाममा दर्ता रहेको साविक वडा नं. इद्रपुर-४(ख) कि.नं. १४८७, सिट .नं. ४ (ख) , क्षेत्रफलः १८६.२३ व.मी जग्गामा घर निर्माण गर्नका लागि मिति २०८३/०६/१९ मा नक्सासहितको निवेदन पेश गर्नु भएकोले उक्त घरनक्सा पास कार्य परियोजनको लागि प्रक्रिया पूरा गरी स्थलगत सरजमिन बुझ्दा पुर्व- बाटो , पश्चिम- कि.नं. १६४३,१६४४ उत्तर- कि.नं. १५०९ र दक्षिण- कि.नं. १४९१ को संधियारहरू फिल्डमा उपस्थित नहुनु भएकोले कोही कसैको दावी / विरोध भए आफ्नो स-प्रमाणसहितको यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा जानकारी गराउनुहोला। अन्यथा कानून बमोजिम निजको नाममा घरनक्सा पास भैजाने व्यहोराको सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकिय अधिकृत

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालयः नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।